# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/२४ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

श्री सुगाहट माध्यमिक विद्यालय, मोरङमा कार्यरत शिक्षक ओमप्रसाद लुईटेलले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी बढुवा भएकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले बिहार इन्टरमिडियट शिक्षा परिषद, पटना, भारतबाट आई.ए. तह उत्तीर्ण गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी प्राथमिक तह द्वितीय श्रेणीको शिक्षक पदमा बढुवा भई बहाल रही लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता